दोस्रो गाउँ कार्यपालिका बैठक - आ. व. २०७९

आज मिति २०७९।०५।०९ गते बिहिवारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पंचमी पाँचथरका नवनिर्वाचित अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०७९/८० को दोस्रो गाउँ कार्यपालिका बैठक द्वारा तल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहायनुसारका निर्णयहरु पारित गरियो।

**उपस्थिति :**

१. **अध्यक्ष** : श्री समर बहादुर अधिकारी ..............................................................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ..............................................................................

३. वडा अध्यक्ष : श्री सन्तोष लिङ्देन ..............................................................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ..............................................................................

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ..............................................................................

६. वडा अध्यक्ष : श्री धनपति गिरी ..............................................................................

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ..............................................................................

८. वडा अध्यक्ष : श्री गणेश योङहाङ ..............................................................................

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ..............................................................................

१०. का पा सदस्य श्री सुष्मा लावती ..............................................................................

११. का पा सदस्य श्री बिष्णु कुमारी भट्टराई ..............................................................................

१२. का पा सदस्य श्री बिरेन्द्र मंग्राती ..............................................................................

१३. का पा सदस्य श्री पुण्यप्रसाद राई ..............................................................................

१४. का पा सदस्य श्री निम्की भोटेनी भोटिया ..............................................................................

१५. का पा सदस्य श्री गंगामाया विश्वकर्मा ..............................................................................

१६. **सदस्य सचिव** श्री बिक्रम लिम्बु ..............................................................................

**अन्य उपस्थिति**

१७.आर्थिक प्रशासन शाखा प्रमुख श्री सुवास भट्टराई ..............................................................................

१८.योजना शाखा प्रमुख श्री दुर्गा प्रसाद तिमसिना ..............................................................................

१९.कार्यालय सहयोगी श्री बजिन्द्र पुरी ..............................................................................

दोस्रो गाउँ कार्यपालिका बैठक - आ. व. २०७९

**प्रस्तावहरु:-**

१. मध्यपहाडी राजमार्ग सम्बन्धमा।
२. आन्तरिक लेखापरिक्षण सम्बन्धमा।
३. अमरपुर स्वास्थ्य चौकीको स्तरोन्नति सम्बन्धमा।
४. करार सेवामा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा।
५. ईलाका प्रहरी कार्यालय अमरपुरलाई स्तरोन्नति गर्ने सम्बन्धमा।

**निर्णय नं. - १**

सङ्घीय सरकारको गौरवको आयोजनाको रुपमा रहेको पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजना अन्तर्गत यस गाउँपालिकाको भुभागमा पर्ने गोपेटार खण्ड देखि हेवा खोला सम्मको भुभागलाई मध्यपहाडी लोकमार्ग आयोजनाले ग्रहण गरी उक्त स्थानमा सडक विस्तार तथा पक्की सडक निर्माण गर्नको लागी पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजनाको कार्यालयलाई अनुरोध गर्ने र उक्त कार्यको लागी स्थानीय अवरोध नहुने साथै सहज ढङ्गले सडक निर्माण गर्ने वातावरणको सिर्जना गरी उक्त सडक निर्माणको कार्यमा गाउँपालिकाको तर्फबाट आवश्यक सहजीकरण समेत गर्ने प्रतिवद्वता सहित सर्वसम्मत निर्णय पारित गरियो।

**निर्णय नं. - २**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ बमोजिम स्थानीय तहले कानुन बमोजिम आफनो आय र व्ययको आन्तरिक लेखा परिक्षण गर्नु/गराउनु पर्ने व्यवस्था अनुरुप यस कार्यालयमा आन्तरिक लेखा परिक्षण तर्फको स्विकृत दरबन्दी हालसम्म रिक्त रहेको कारण यस गाउँपालिकाको आ. व. २०७८/७९ को आय र व्ययको आन्तरिक लेखा परिक्षण गर्न फालेलुङ गाउँपालिका तथा मैवाखोला गाउँपालिकामा कार्यरत आन्तरिक लेखा परिक्षकहरुलाई प्रचलित कानून बमोजिम आन्तरिक लेखा परिक्षणको जिम्मेवारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. - ३**

हिलिहाङ गाउँपालिकाको वडा नं १ स्थित अमरपुर स्वास्थ्य चौकीको सेवाक्षेत्र गाउँपालिकाको वडा नं ५ को तल्लो भेग, वडा नं ३ को साम्रेभन्दा तलको भाग, वडा नं १, २ र ४ को पुरै भाग साथै याङवरक गाउँपालिकाका सेवाग्राही समेतका लागि नजिकै कुनैपनि अस्पताल नभएको हुँदा उक्त अमरपुर स्वास्थ्य चौकीलाई १५ शैय्याको आधारभूत अस्पतालमा स्तरोन्नति गर्न आवश्यक मापदण्ड पुरा भईसकेकोले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. - ४**

यस गाउँपालिकाको प्रस्तावित संगठन संरचना तथा स्विकृत दरबन्दी बमोजिम यस गाउँपालिकामा रिक्त रहेको प्राविधिक तर्फको देहायनुसारका अत्यावश्यक कर्मचारीहरु स्थायी पदपुर्ति नभएसम्मका लागि सेवा करारमा अस्थायी पदपुर्ति गरी आधारभूत सेवा प्रवाहमा सहजीकरण गर्ने सर्वसम्मत निर्णय गरियो।

तपशिल :

| क्र स | पद | सेवा/समूह/तह | संख्या |
|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत (IT Officer) | विबिध/छैंटो | १ जना |
| २ | नायव प्राविधिक सहायक (एक वडा एक प्राविधिक) | कृषि/चौथो | २ जना |

| | | | |
|---|---|---|---|
| ३ | समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता (CBRF) | अपाङ्गता रोकथाम/चौथो | २ जना |
| ४ | हेल्थ असिष्टेण्ट | हे. ई/पाँचौ | ४ जना |
| ५ | अ. हे. व | हे. ई/चौथो | ४ जना |
| ६ | स्टाफ नर्स | क. न. /पाँचौ | ३ जना |
| ७ | अ न मी | क. न. /चौथो | ३ जना |
| ८ | कार्यालय सहयोगी | श्रेणीविहिन | २ जना |

**निर्णय नं. - ५**

प्रदेश सरकारबाट भवन निर्माणको लागि रकम विनियोजन भई ईलाका प्रहरी कार्यालय अमरपुरको भवन निर्माण सम्पन्न भईसकेको, मेची राजमार्ग देखि ४० मि. माथी, सदरमुकाम देखि ५५ कि. मि. उत्तर, तमोर करिडोरको प्रस्थान बिन्दु समेत रहेको, पाँचथरको उत्तरी स्थानीय तहहरु हिलिहाङ गाउँपालिका र याङवरक गाउँपालिका दुवैलाई शान्ति सुरक्षा प्रदान गरिरहेको, ताप्लेजुङ जिल्लाको सिमाना काबेलीदेखि हेवा खोला सम्म VIP स्कटिङ लगायत अन्य शान्ति सुरक्षामा समेत आवश्यक देखि मिति २०७५ आश्विन १२ गते तत्कालिन पाँचथर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री प्रकाशचन्द्र अधिकारीज्यूको संयोजकत्वमा बसेको बैठकले गृह मन्त्रालयलाई सिफारिस समेत गरिसकेको अवस्थामा उक्त ईलाका प्रहरी कार्यालय अमरपुरलाई 'ख' बाट 'क' मा स्तरोन्नति गर्न नेपाल सरकार गृह मन्त्रालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।